annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ७९, पृष्ठ ८ | काठमाडौं, शनिबार २ साउन २०८३ | आषाढ शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४६ | SATURDAY, JULY 18, 2026 | मूल्य : रु. १०


आवरण समाचार

# बल र बुद्धि बढाउन स्वर्ण बिन्दु प्राशन

**एक वर्ष उमेर पूरा भएका र पाँच वर्ष नकाटेका बालबालिकाहरूको रोगप्रतिरोधात्मक क्षमतामा वृद्धि गर्ने, स्मरणशक्ति बढाउने र शारीरिक तथा मानसिक विकासमा सहयोग गर्ने गरी आयुर्वेद स्वास्थ्य केन्द्रहरू मार्फत खुवाइँदै आइरहेको स्वर्ण बिन्दु प्राशनामा आकर्षण बढ्दै गएको छ। गत आर्थिक वर्ष २५ वटा जिल्लाका बालबालिकाहरूलाई मात्र खुवाइँदै आइरहेको स्वर्ण बिन्दु प्राशन अबदेखि ७७ वटै जिल्लाका बालबालिकाहरूलाई खुवाइने भएको छ। पुष्य नक्षत्रको दिन पारेर खुवाइने स्वर्ण बिन्दुमा अभिभावकहरूको आकर्षण दिनप्रतिदिन बढ्दै गएको छ।**

**केशरराज क्षेत्री** | *बुटवल*

विस्तृत पृष्ठ २




# सुपर एप मोडलमा नेपालमै पहिलो अन्नपूर्णको 'सम्पूर्ण'



**ललितपुरमा शुक्रबार अन्नपूर्ण मिडिया ग्रुपको सुपर एप 'सम्पूर्ण' सार्वजनिक गर्दै काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति डा. सुरेशराज शर्मा। साथमा ग्रुपका अध्यक्ष क्या. रामेश्वर थापा, प्रधान सम्पादक बालकृष्ण बस्नेतलगायत।** ● अभिषेक महर्जन

**अन्नपूर्ण** | *काठमाडौं*

अन्नपूर्ण मिडिया नेटवर्कले नेपालमा पहिलोपटक एआईमा आधारित डिजिटल प्लेटफर्म 'सम्पूर्ण' सुपर एप सार्वजनिक गरेको छ।

ललितपुरमा शुक्रबार आयोजित विशेष समारोहमा अन्नपूर्णको सुपर एप सम्पूर्ण सार्वजनिक भएको हो। अन्नपूर्णले 'परम्परा र प्रविधि सँगसँगै' भन्ने नाराका साथ नयाँ एप ल्याइएको हो। काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति डा. सुरेशराज शर्माको प्रमुख आतिथ्यतामा भएको उद्घाटन कार्यक्रमको सञ्चालन 'बाणी' नामको नेपाली एआईले नै गरेको थियो। सिंगापुरस्थित अकिन टेक्नोलोजिजसँगको प्राविधिक सहकार्यमा अन्नपूर्णले नयाँ एप ल्याएको हो।

पूर्वउपकुलपति डा. शर्माले अन्नपूर्ण मिडिया नेटवर्कले आफ्नो २५ वर्षको यात्रामा पुर्‍याएको योगदानको प्रशंसा गरे। उनले काठमाडौं विश्वविद्यालयको स्थापना गर्दा नै आफूहरूले सूचना तथा सञ्चार प्रविधिको अध्यापन सुरु गरेको स्मरण गरे। 'अहिले एआईको जमाना आइसकेको छ। कुनै पनि प्रविधिको युग आएर त्यो पछाडि पर्न थालेपछि मात्र सुरु गर्नुको कुनै अर्थ हुँदैन,' उनले भने, 'त्यसैले हामीले समयमै प्रविधिको प्रयोग र उपभोग गर्नुपर्छ र समयमै त्यसमा सुधार गर्दै अगाडि बढ्नुपर्छ।' उनले एआईलाई चलाउन विज्ञहरूको आवश्यकता पर्ने औंल्याउँदै यसको प्रयोगमा सतर्क र होसियार हुनुपर्ने सुझावसमेत दिए। शर्माले अन्नपूर्णको आगामी २५ वर्षको यात्रा अझ बढी सफल होस् भन्दै नयाँ प्रविधिको फल नेपालीसामु प्रभावकारी रूपमा पुग्ने विश्वास व्यक्त गरे।

प्रेस काउन्सिल नेपालका अध्यक्ष उमेश श्रेष्ठले मिडियाको विश्वसनीयता र पाठक संख्या घटिरहेको यो संकटपूर्ण समयमा अन्नपूर्णको नयाँ इनोभेसनले नयाँ पुस्तालाई परम्परागत मिडियातर्फ आकर्षित गर्ने एउटा बलियो माध्यम बन्न सक्ने बताए। एआईले मिडियामा समाचारको संक्षेप वा सार निकाल्न मद्दत गरिरहेको भए पनि यसमा आउने भ्रम वा गल्तीप्रति सचेत रहनुपर्ने श्रेष्ठले बताए। उनले एउटा मिडियाको उदाहरण दिँदै भने, 'भर्खरै एउटा मिडियामा एआईले जेनेरेट गरेको सामग्रीमा प्रधानमन्त्रीलाई काठमाडौं महानगरपालिकाका मेयर वालेन्द्र शाह भनेर लेखिएको थियो। एआईसँग पुराना जानकारी मात्र हुने भएकाले त्यस्ता गल्तीहरू हुन सक्छन्।'

उनले एआई इन्टिग्रेट गर्दा मान्छेले अन्तिम पटक सामग्री जाँच्ने प्रणाली अर्थात् 'ह्युमन इन द लुप' लाई सधैं ध्यान दिनुपर्ने बताए। उनले एआई प्रयोग गर्ने मिडिया नै त्यसको सामग्रीका लागि जिम्मेवार हुने विश्वव्यापी चलन रहेको स्मरण गराए। अन्नपूर्ण पोस्ट्का प्रधान सम्पादक बालकृष्ण बस्नेतले अन्नपूर्णको सम्पूर्ण एपले परम्परागत र डिजिटल पत्रकारितालाई जोड्ने एउटा ऐतिहासिक पुलको रूपमा व्याख्या गरे। अन्नपूर्ण मिडियाले सधैं राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, स्थिरता र सुदृढ लोकतन्त्रलाई केन्द्रमा राखेको पनि उनले बताए।

» बाँकी पृष्ठ ८

## एआई होस्ट 'बाणी'ले चलाइन् कार्यक्रम



अन्नपूर्णले 'सम्पूर्ण' एप सार्वजनिक गर्नुअघि ग्रान्ड लन्चको पूर्वसंकेत गरेको थियो। ग्रान्ड लन्चको आकर्षण थियो- एआई होस्ट। तर, कार्यक्रम सुरु गर्दा देखिइन् टेलिभिजन प्रस्तोता सविका श्रेष्ठ। उनले कार्यक्रम सुरुमात्रै गरिन् तर मुख्य कार्यक्रममा निम्तो दिइन् बाणीलाई। 'बाणी' अर्थात् एआई होस्ट।

मञ्चमा जडान गरिएको डिजिटल स्क्रिनमा भर्चुअल प्रस्तोताले सरासर कार्यक्रम सुरु गरिन्। उनले कार्यक्रमको औपचारिक सुरुवात गर्दै मञ्चमा आमन्त्रित अतिथिहरूलाई स्वागत गरिन्। जहाँ विशिष्ट पाहुनाहरू, सञ्चारकर्मी, प्रविधि विज्ञहरूको उल्लेख्य उपस्थिति थियो।

रोबोटिक वा कृत्रिम शैलीमा मात्र सीमित नभई नेपाली भाषालाई निकै मिठासपूर्ण वाचन गरिरहेकी बाणीको प्रस्तुतिले त्यहाँ उपस्थित सबैको ध्यान तान्यो। अन्नपूर्ण मिडिया नेटवर्कले नेपाली मिडिया जगत्कै पहिलो सुपर एप अन्नपूर्णको 'सम्पूर्ण' लन्च गरिरहँदा, त्यस कार्यक्रमको बागडोर मान्छेले होइन, तिनै एआई होस्ट बाणीले सम्हालेकी थिइन्।

» बाँकी पृष्ठ ८

# पूर्वअर्थमन्त्री पौडेललाई छाड्न अदालतले लियो ५ आधार

**अन्नपूर्ण** | *काठमाडौं*

सम्पत्ति शुद्धीकरणको मुद्दामा विशेष अदालतले एमाले उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेललाई साधारण तारेखमा राखेर मुद्दाको पुर्पक्ष गर्ने आदेश दिएको छ।

सम्पत्ति शुद्धीकरण विभागाले २० करोड ९० लाख रुपैयाँ बिगो दाबी गरेको भए पनि अदालतले उनलाई थुनामा राख्न वा धरौटी माग गर्न आवश्यक ठानेन।


सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले व्यवसायी दीपक भट्टलगायतलाई गैरकानुनी रूपमा आर्जित सम्पत्ति लुकाउन र छल्न सहयोग गरेको (मतियार बनेको) आरोप लगाउँदै पौडेलसहित १६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। पौडेलको हकमा विभागले २० करोड ९० लाख रुपैयाँ बिगो दाबी गरेको छ।

विभागले एभरेस्ट बैंक लिमिटेडमा रहेको खाता नम्बर ००१००५०१२०२१५८ को मौज्दात रकम ६ लाख ३४ हजार ५ सय ४५ रुपैयाँ जफत गर्दै खाता रोक्का राख्न माग गरेको थियो। विभागले उनलाई सम्पत्ति शुद्धीकरण निवारण ऐनबमोजिम मुख्य सजायको आधा सजाय र कसुर गर्दाका बखत अर्थमन्त्रीको हैसियतमा रहेकाले थप सजायसमेतको मागदाबी गरेको छ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश नारायणप्रसाद पौडेल तथा सदस्यहरू डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले शुक्रबार जारी गरेको आदेशमा पौडेललाई साधारण तारेखमा राख्नुका कानुनी र व्यावहारिक आधारहरूसमेत खुलाएको छ।

पहिलो कारण तत्काल प्राप्त प्रमाणको अभाव हो। थुनछेक बहसको क्रममा अदालतले मुख्य रूपमा तत्काल प्राप्त प्रमाणलाई ध्यानमा राख्छ। अदालतको आदेशमा पौडेलको सम्बन्ध र संलग्नता रहेको कुरा तत्काल प्राप्त प्रमाणहरूबाट खुल्न नसकेको स्पष्ट रूपमा उल्लेख छ। विभागले पौडेलको कसुर पुष्टि गर्ने बलियो र विश्वसनीय प्रमाण पेस गर्न नसकेकाले अदालतले उनलाई थुनामा राख्नु न्यायसंगत देखेन।

दोस्रो कारण आर्थिक लाभ प्राप्त गरेको पुष्टि नहुनु हो। सम्पत्ति शुद्धीकरणको मुद्दा स्थापित हुन अभियुक्तले अवैध वित्तीय कारोबारबाट कुनै



> अदालतको आदेशमा पौडेलको सम्बन्ध र संलग्नता रहेको कुरा तत्काल प्राप्त प्रमाणहरूबाट खुल्न नसकेको स्पष्ट रूपमा उल्लेख छ।

न कुनै रूपमा आर्थिक लाभ लिएको देखिनुपर्छ। तर पौडेलको बैंक खातामा ६ लाख ३४ हजार ५ सय ४५ रुपैयाँमात्र मौज्दात रहेको र सो रकम अनुसन्धानकै क्रममा रोक्का भइसकेको देखिन्छ। सहप्रतिवादी दीपक भट्टको वित्तीय कारोबारबाट पौडेलले कुनै पनि हिस्सा, सम्पत्ति वा आर्थिक फाइदा लिएको कुरा मिसिलमा संलग्न प्रमाणबाट पुष्टि हुन सकेन।

तेस्रो कारण पदमा रहेको समय र सेयर हस्तान्तरणको मिति मेल नखानु हो। सरकारी वकिलले पौडेल अर्थमन्त्री भएको समयमा नीतिगत सेटिङ गरी श्रीराम टोवाको उद्योग प्रालिको उच्च मूल्यको सेयरलाई न्यून मूल्यमा दीपक भट्टको कम्पनी हिमालयन एसेस्ट म्यानेजमेन्ट प्रालिलाई दिलाउन सहजीकरण गरेको दाबी गरेका थिए। तर श्रीराम टोवाको उद्योग प्रालिको सेयर मिति २०८० चैत १५ मा हस्तान्तरण भएको देखिएको र त्यस समयमा पौडेल अर्थमन्त्रीको पदमा नरहेकाले अदालतले यो दाबीलाई आधारहीन मानेको छ।

चौथो कारण अन्य मुख्य प्रतिवादीहरूको बयान र पोलको अभाव हो। अनुसन्धानका क्रममा श्रीराम टोवाको उद्योगका सञ्चालकहरू चुन्नुप्रसाद शर्मा र कमलकिशोर मालपानी एवं मुख्य अभियुक्त भनिएका दीपक भट्टले बयान दिँदा पौडेलले सेयर खरिद-बिक्रीमा सहजीकरण गरेको वा कुनै भूमिका खेलेको भन्ने तथ्य खुलाएका छैनन्। कसैले पनि उनलाई पोल नगरेकाले पौडेलविरुद्धको मुद्दा कमजोर बनेको अदालतको निष्कर्ष छ।

पाँचौं कारण विशेष अदालत ऐनको कानुनी व्याख्या हो। प्रमाणहरूको समग्र मूल्यांकनपछि अदालतले विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (ग) को अवस्था विद्यमान रहेको देखेको छ। यस दफाले प्रतिवादीलाई थुनामा राख्न वा धरौटी माग गर्नुपर्ने पर्याप्त कानुनी आधार नभएमा साधारण तारेखमा राखेर मुद्दा अगाडि बढाउने अधिकार अदालतलाई प्रदान गर्दछ।

अदालतले यो अन्तिम फैसला नभएको र मुद्दाको पूर्ण सुनुवाइको चरणमा प्रमाणहरूको थप परीक्षण गरी सोहीबमोजिम अन्तिम निर्णय हुने आदेशमा उल्लेख गरेको छ।

पौडेल विशेष अदालतको आदेशपछि शुक्रबार नै साधारण तारेखमा रिहा भएका छन्। सम्पत्ति शुद्धीकरणको मुद्दामा अनुसन्धानका लागि गत ८ असारमा सुर्खेतबाट पक्राउ परेका उनी २५ दिन थुनामा बसेका थिए।

उनको परिवारले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरे पनि त्यहाँबाट राहत मिलेको थिएन। अदालतको आदेशलगत्तै आगामी २८ गतेको तारेख बुझेर पौडेल एमाले नेता विष्णु रिजाल र परिवारका सदस्यसहित घर गएका छन्।